# अपाङ्गता भएका द्वन्द्वपिडितको राष्ट्रिय सञ्जाल
NATIONAL NETWORK OF DISABLED CONFLICT VICTIMS (NNDCV)
काठमाण्डौ (स्थापित-२०७५)


मिति: २०७६ जेठ २६

## प्रेस विज्ञप्ति

### अपाङ्गता भएका द्वन्द्वपीडितलाई कोरोना खोपमा प्राथमिकता दिन सरकारका नाममा ध्यानाकर्षण

अहिले देश कोरोना महामारीको दोस्रो लहरबाट आक्रांत छ। कोरोना महामारी र त्यसको रोकथामका निम्ति गरिएका लकडाउन र निषेधाज्ञाका कारण सबै नागरिकको जनजीवन प्रभावित बनेको छ। यो अवस्थामा सबैभन्दा बढ़ी मारमा परेको मध्य एक समुदाय अपाङ्गता भएका व्यक्तिहरु हुन्। त्यसमा पनि नेपालमा चलेको १० वर्षे सशस्त्र द्वन्द्वमा दुबै पक्षबाट अपाङ्ग बनाइएका सर्वसाधारण नागरिक झन् धेरै संकटमा छौं। वर्षौंदेखि हामीहरु सत्य, न्याय र परिपुरणको पर्खाइमा त छदैछौं। त्यसमाथि यो महामारीले हाम्रो जीवनमा थप संकट थपिदिएको छ। कतिपय साथीहरुको चुल्हो बल्न सकेको छैन भने नियमित औषधी प्रयोग गर्नेहरुले समयमा औषधी प्राप्त गर्न सकेका छैनन्। सामान्य आय - आर्जन गर्ने साथीहरुको पनि आयको श्रोत ठप्प छ। सहायता सामाग्री प्रयोग गर्ने साथीहरुले टुटेफुटेका सहायता सामग्री मर्मत गर्न नपाउदा थप कष्ट थपिएको छ।

हिजो कुनैपनि द्वन्द्वरत पक्षमा नलाग्दा नलाग्दै पनि अपाङ्गता सहितको जिन्दगी बाँच्न बाध्य पारिएका हामी र हाम्रो परिवारको जिम्मा राज्यले लिनुपर्ने हो। तर सामान्य अवस्थामा त परै जाओस्, संकटको बेलामा समेत हामीलाई राज्यले उपेक्षा गरेको छ। अपाङ्गता भएका द्वन्द्वपीडितलाई नियमित औषधी उपचार, सहायता सामाग्रीको निशुल्क व्यवस्था र तत्कालिन राहत दिन राज्यका कुनै पनि निकायले अहिलेसम्म तत्परता देखाएका छैनन्।

यसैबिच सरकारले कोरोना खोप अभियान शुरु पुन: सुचारु गरेको छ। संसारभर खोप दिने व्यक्तिको प्राथमिकतामा विभिन्न जोखिमपूर्ण उमेर समुहका साथै अपाङ्गता भएका व्यक्तिहरु पनि पर्ने गरेका छन्। तर नेपालमा भने त्यो हुन सकेको छैन। तसर्थ हाम्रो संजाल नेपाल सरकारसँग निम्न माग गर्दछ:

- **खोपको प्राथमिकतामा अपाङ्गता भएका द्वन्द्वपीडितलाई अबिलम्ब समावेश गर्न र**
- **अपाङ्गता भएका द्वन्द्वपीडितमध्य धेरै जनालाई हिडडुलमा समस्या भएकोले खोपकेन्द्रसम्म जान र आउनका लागि निशुल्क यातायातको ब्यबस्था गर्न।**

सरकारलाई यी कदमहरु चाल्नका लागि दबाब सिर्जना गरिदिन सम्पूर्ण नागरिक समाज, मानवअधिकारकर्मी, संचारकर्मी र अन्य पेशाकर्मीलाई पनि हामी हार्दिक आग्रह गर्न चाहन्छौं।

----------------------
अध्यक्ष
सुरेन्द्र खत्री

--------------
महासचिव
तुल्सी परियार